मिति २०७७/०५/०७

# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको
# सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ (कोरोना भाइरस) को संक्रमण बढ्दै गइरहेको अवस्थामा सो को संक्रमण रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारबाट जारी भएका स्वास्थ्य तथा सुरक्षाका मापदण्ड एवं सावधानीहरुलाई कडाईका साथ पालना गर्न गराउन जिल्ला प्रशासन कार्यालय, कास्कीबाट यस पुर्व लागू भएको निषेधाज्ञालाई निरन्तरता दिदै मिति **२०७७ भाद्र ७ गते** राती १२ : ०० बजे देखि मिति **२०७७ भाद्र १२** गते राती १२ :०० बजे सम्म कास्की जिल्ला भर लागु हुने गरी निषेधाज्ञा जारी भएको छ ।

सोही निर्णयलाई मध्यनजर गर्दै पोखरा महानगरपालिका तथा वडा कार्यालयबाट प्रवाह हुने स्वास्थ्य र सरसफाई सेवा बाहेक अन्य सम्पूर्ण सेवाहरु सो अवधी भरका लागि वन्द रहने व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै सो अवधिमा नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरु सम्वन्धित महाशाखा/शाखा प्रमुख संग र वडा कार्यालयमा कार्यरत कर्मचारीहरु वडा अध्यक्ष संग नियमित सम्पर्कमा रही आवश्यक परेको बखत तत्काल सेवा दिन सक्ने गरी तयारी अवस्थामा रहन समेत जानकारी गराईन्छ ।

**पुनश्च** : अत्यावश्यक परी यस महानगरपालिकाबाट कुनै सेवा लिनु परेमा पोखरा महानगरपालिका नगर कार्यपालिका कार्यालय प्रशासन महाशाखाको फोन नं. ०६१-५२११०४ र राजश्व शाखाको फोन नं. ०६१-५२१३९२ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

.................................

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**